बैकल्पिक माध्यमबाट प्रशिक्षण सञ्चालन कार्यविधि, २०७७

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

सानोठिमी, भक्तपुर।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
बैकल्पिक माध्यमबाट प्रशिक्षण सञ्चालन कार्यविधि, २०७७

प्रस्तावना: विश्व माहामारी कोरोना भाइरस (कोभिड-१९) को संक्रमणका कारण शिक्षालयमा उपस्थित भइ नियमित प्रशिक्षण कार्य गर्न कठिनाइ भएकाले अवस्था अनुकूल नहुँदा सम्मका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमका सैद्धान्तिक विषयवस्तु तथा सीप प्रर्दशन (डेमोन्ष्ट्रेशन) लाई बैकल्पिक माध्यमबाट प्रविधिमैत्री प्रशिक्षण गर्न गराउन बाञ्छनीय भएकोले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कार्यालयले यो कार्यविधि बनाइ लागू गरेकोछ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "बैकल्पिक माध्यमबाट प्रशिक्षण सञ्चालन कार्यविधि, २०७७" रहेकोछ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा:

(क) "बैकल्पिक माध्यम" प्रशिक्षणको प्रयोगमा आउने रेडियो, टेलिभिजन, कम्प्युटर, स्मार्टफोन, इन्टरनेट जस्ता अनलाइन तथा अफलाइन समेतका सूचना प्रविधिगत माध्यम सम्झनुपर्छ।

(ख) "बैकल्पिक प्रशिक्षण" भन्नाले बैकल्पिक माध्यमबाट सञ्चालन गरिने प्रशिक्षणलाई सम्झनुपर्छ। सो शब्दले विश्व स्वास्थ्य संगठनले तोकेको मापदण्ड अनुसार व्यक्तिगत सुरक्षा र सामाजिक दुरी कायम गरी शिक्षालय वा कार्यस्थलमा हुने प्रशिक्षणलाई समेत जनाउँछ।

(ग) "परिषद् कार्यालय" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को केन्द्रिय कार्यालय सम्झनुपर्छ।

(घ) "प्रदेश कार्यालय" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् प्रदेश कार्यालय सम्झनुपर्छ।

(ङ) "शिक्षालय" भन्नाले आँगिक प्राविधिक शिक्षालय र परिषद् बाट स्वीकृती तथा सम्बन्धन प्राप्त प्राविधिक शिक्षा सञ्चालन गर्ने सामुदायिक विद्यालय, साझेदारीमा सञ्चालित प्राविधिक शिक्षालय र निजी स्तरमा सञ्चालित संस्थागत शिक्षालय समेतलाई सम्झनुपर्छ।

(च) "प्रशिक्षक" भन्नाले शिक्षालयको प्रशिक्षण कार्यमा कार्यरत व्यक्ति सम्झनुपर्छ।

(छ) "प्रशिक्षार्थी" भन्नाले शिक्षालयमा प्राविधिक एसएलसी र डिप्लोमा वा प्रमाणपत्र तहमा अध्ययनरत व्यक्तिलाई सम्झनुपर्छ।

३. **<u>बैकल्पिक प्रशिक्षण सञ्चालनको पूर्व तयारी</u>**: (१) बैकल्पिक माध्यमका स्रोत साधनमा पहूँचको अवस्थाको आधारमा प्रशिक्षार्थी पहिचान गरी बर्गीकरण गर्ने।

(२) प्रशिक्षार्थी बर्गीकरण गर्दा देहायको समूहमा गर्न सकिनेछ-

क। स्मार्टफोन वा कम्प्युटर र इन्टरनेटको पहूँचमा रहेका,

ख। कम्प्युटरको पहूँचमा रहेका,

ग। रेडियो तथा टेलिभिजनको पहूँचमा रहेका,

घ। सबै किसिमको प्रविधिको पहुँच भन्दा बाहिर रहेका।

(३) बैकल्पिक प्रशिक्षण सञ्चालन गर्न प्रशिक्षार्थीहरूलाई उपदफा २ बमोजिमको दायरामा ल्याउने।

(४) प्रशिक्षकलाई बैकल्पिक माध्यमका स्रोत साधनहरू उपलब्ध गराउने।

(५) प्रशिक्षकको क्षमता अभिबृद्धिको व्यवस्था गर्ने।

(६) विषयगत प्रशिक्षण सामग्री व्यवस्था गर्ने।

४. बै**<u>कल्पिक प्रशिक्षण सञ्चालन प्रक्रिया</u>**: (१) शिक्षालयका विषयगत प्रशिक्षकलाई प्रशिक्षण सञ्चालनको लागि जिम्मेवारी तोक्नुपर्नेछ।

(२) प्रशिक्षण सञ्चालन समय तालिका तयार गरी प्रशिक्षार्थीलाई अग्रिम जानकारी दिनुपर्नेछ।

(३) पाठ्यक्रम बमोजिमका विषयहरूको पाठयोजना तयार गर्नुपर्नेछ।

(४) पाठयोजनामा आधारित रहेर सैद्धान्तिक विषयहरूको उपयुक्त बैकल्पिक माध्यम प्रयोग गरी प्रशिक्षण सञ्चालनको व्यवस्था गर्नु पर्नेछ।

(५) प्रशिक्षकले प्रशिक्षार्थीहरूसँग आवश्यकता अनुसार दोहोरो सम्बाद हुनेगरी प्रशिक्षण सञ्चालन गर्नु पर्नेछ।

(६) स्वअध्ययनका लागि आवश्यकता अनुसार स्रोत सामग्री प्रशिक्षार्थीहरूलाई उपलब्ध गराउनु पर्नेछ।

(७) उपलब्ध भएका विद्युतीय पाठ्य सामाग्रीहरूलाई संकलन गरी इ-लर्निङ्ग पोर्टलमा समावेश गर्नुपर्नेछ।

(८) प्रशिक्षार्थीहरूको सिकाइ उपलब्धी मापन गरी अभिलेख राख्नु पर्नेछ।

(९) प्रशिक्षक र प्रशिक्षार्थीहरूको दैनिक हाजिरी अभिलेख राख्नु पर्नेछ।

५. **<u>शिक्षालयको भूमिका:</u>** (१) प्रशिक्षार्थीहरूको पहिचान र बर्गीकरण गर्ने।

२। प्रशिक्षार्थीहरूलाई थप आर्थिक भार नपर्ने गरी बैकल्पिक माध्यमका स्रोत साधनमा पहुँचको सुनिश्चितताको लागि सहजीकरण गर्ने।

३। विषयगत प्रशिक्षकलाई प्रशिक्षण सञ्चालनको लागि जिम्मेवारी तोक्ने।

४। प्रशिक्षकलाई बैकल्पिक माध्यमका स्रोत साधनहरू उपलब्ध गराउने।

५। प्रशिक्षकको क्षमता अभिबृद्धिका लागि तालीमको व्यवस्था गर्ने।

६। पाठ्यक्रममा आधारित रही आवश्यक प्रशिक्षण सामग्री तयार गर्ने।

७। प्रशिक्षकहरूलाई बैकल्पिक माध्यमबाट प्रशिक्षण गर्न प्रोत्साहन गर्ने।

८। विद्युतीय पाठ्य सामाग्रीको विकास र संकलन गरी इ-लर्निङ्ग पोर्टलहरूको विकास गर्दै जाने।

९। सबै किसिमको प्रविधिको पहुँच भन्दा बाहिर रहेका प्रशिक्षार्थीहरूलाई विश्व स्वास्थ्य संगठनले तोकेको मापदण्ड अनुसार व्यक्तिगत सुरक्षा र सामाजिक दुरी कायम गरी प्रशिक्षणको व्यवस्था गर्ने।

१०। प्रशिक्षण प्रभावकारिताको सम्बन्धमा प्रत्येक शिक्षालयले प्रतिवेदन तयार गरी प्रदेश कार्यालयमा पेश गर्नु पर्नेछ।

६. **प्रशिक्षकको भूमिकाः** (१) बैकल्पिक माध्यममा प्रशिक्षार्थीहरूको पहुँचको अवस्था पहिचान गर्न शिक्षालयलाई सहयोग गर्ने।

(२) बैकल्पिक प्रशिक्षणमा सहभागी हुन प्रशिक्षार्थीहरूलई प्रोत्साहित गर्ने।

(३) प्रशिक्षण समय तालिका तयार गरी प्रशिक्षार्थीलाई अग्रिम जानकारी दिने।

(४) पाठ्यक्रम बमोजिमका विषयहरूको पाठयोजना तयार गर्ने।

(५) सिकाइ सामग्रीहरूको विकास र संकलन गर्ने।

(६) पाठयोजनामा आधारित रहेर सैद्धान्तिक विषयहरू उपयुक्त बैकल्पिक माध्यम प्रयोग गरी प्रशिक्षण गर्ने।

(७) प्रशिक्षार्थीहरूसँग आवश्यकता अनुसार दोहोरो सम्बाद हुनेगरी प्रशिक्षण सञ्चालन गर्ने।

(८) स्वअध्ययनका लागि आवश्यकता अनुसार स्रोत सामग्री प्रशिक्षार्थीहरूलाई उपलब्ध गराउने।

(९) प्रशिक्षार्थीहरूको सिकाइ उपलब्धी मापन गर्ने।

(१०) सबै किसिमको प्रविधिको पहुँच भन्दा बाहिर रहेका प्रशिक्षार्थीहरूलाई विश्व स्वास्थ्य संगठनले तोकेको मापदण्ड अनुसार व्यक्तिगत सुरक्षा र सामाजिक दुरी कायम गरी प्रशिक्षण गर्ने।

(११) प्रशिक्षार्थीहरूको हाजिरी तथा सिकाइ उपलब्धी अभिलेख तयार गरी शिक्षालयमा पेश गर्ने।

७. **<u>आचारसंहिताः</u>** (१) प्रशिक्षक र प्रशिक्षार्थीहरूले प्रशिक्षणको क्रममा शिष्ट भाषा र मर्यादित पोशाकको प्रयोग गर्नु पर्नेछ।

(२) बैकल्पिक प्रशिक्षण सञ्चालन गर्दा शिक्षालयले प्रशिक्षार्थीहरूबाट अतिरिक्त शुल्क लिन पाइने छैन।

(३) बैकल्पिक प्रशिक्षण सञ्चालनको लागि सम्बधित प्रशिक्षकहरूले तयार गरेको प्रशिक्षण सामग्रीको प्रतिलिपि अधिकार सम्बन्धित प्रशिक्षक र शिक्षालयमा निहित हुनेछ।

८. **विविधः** (१) बैकल्पिक प्रशिक्षण सैद्धान्तिक विषयवस्तुको प्रशिक्षणको लागि मात्र मान्य हुनेछ।

(२) शिक्षालयले सरोकारवालासँग समन्वय गरी लागत साझेदारीको आधारमा बैकल्पिक प्रशिक्षण सञ्चालन गर्न सक्नेछ।

(३) प्रदेश कार्यालयले यस कार्यविधि बमोजिम सञ्चालित प्रशिक्षणको अनुगमन र सुपरिवेक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ।

(४) यस कार्यविधिमा उल्लिखित कुनै व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म यस कार्यविधिको व्यवस्था अमान्य हुनेछ।